गण्डकी प्रदेश सरकार
# सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय
पोखरा, कास्की, नेपाल

पत्र संख्या : २०८२/०८३
चलानी नं. :

## गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ बमोजिम तह बृद्धि गर्ने सम्बन्धी सूचना !

सूचना नं.: ०७/२०८२/०८२ (तहबृद्धि) सूचना प्रकाशित मितिः २०८३/०३/२५

गण्डकी प्रदेश निजामती सेवा ऐन २०७९ को दफा २८ मा भएको तह बृद्धि सम्बन्धी व्यवस्था बमोजिम तपशिलमा उल्लेखित सर्तहरु पुरा भएका यस मन्त्रालय अन्तर्गत गण्डकी प्रदेश निजामती सेवामा कार्यरत ईच्छुक स्थायी कर्मचारीहरुले गण्डकी प्रदेश निज़ामती सेवा नियामावली, २०७९ को अनुसुची-१९ बमोजिम दुई प्रति फाराम भरी सम्भव भए सम्म नेपाली कागजमा प्रिन्ट गरी आफू कार्यरत कार्यालय/निर्देशनालय/मन्त्रालयको प्रमुखबाट प्रमाणीत गराई मिति २०८३/०३/३२ गतेभित्र यस मन्त्रालयको प्रशासन शाखामा बुझाउनुहुन मिति २०८३/०३/२५ को मन्त्रालयको (प्रदेश सचिवस्तर) निर्णयानुसार सूचित गरिन्छ। म्याद नाघि आएका र रित नपुगी प्राप्त निवेदन उपर कुनै कार्यवाही नहुने व्यहोरा समेत जानकारी गराईन्छ।

(अमर नेपाली)
अधिकृत आठौं

तह बृद्धिका लागि आवश्यक न्यूनतम शर्त तथा निवेदन साथ पेश गर्नु पर्ने कागजातहरुः

१. गण्डकी प्रदेश निजामती सेवाको अधिकृतस्तर छैटौ, आठौ र दशौ (प्राविधिक/अप्राविधिक) पदमा हुने तह बृद्धिको लागि क्रमश सहायकस्तर पाँचौ, अधिकृतस्तर सातौ र अधिकृतस्तर नवौ तहको पदका लागि तोकिएको न्यूनतम शैक्षिक योग्यता पुगेको, सो तहको पदमा कम्तिमा पाँच वर्ष सेवा अवधि पुरा भएको र पछिल्लो पाँच आ.व. को कार्यसम्पादन मूल्याङ्कनमा औषत पन्चान्नब्बे प्रतिशत अंङ्क प्राप्त गरेको हुनु पर्नेछ ।
२. सेवा अवधि गणना गर्दा समायोजन हुनु पुर्वको समान तह वा श्रेणीको पदमा स्थायी नियुक्ति पाई कार्य गरेको अवधि समेतलाई गणना गरिने छ ।
३. गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ३३ बमोजिम तह बृद्धिका लागि सम्भाव्य उमेद्वार हुन अयोग्य नभएको हुनु पर्ने छ। यस प्रयोजनका लागि ऐ. ऐनको दफा ३३ बमोजिम अयोग्य ठहर नभएको र नकारात्मक सूचिमा नपरेको भनी स्व-घोषणा गरी पेश गर्नु पर्ने छ।
४. आवेदन फारमको सम्पुर्ण महलहरुमा उल्लेख भए बमोजिमका विवरणहरु स्पष्ट रुपमा खुलाउनु पर्ने छ ।
५. आवेदन फाराम साथ तह बृद्धि हुने पद भन्दा एक तह मुनीको पद वा श्रेणीमा भएको स्थायी नियुक्तिको प्रमाणित प्रतिलिपी र कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम गण्डकी प्रदेशमा समायोजन भएको पत्रको प्रमाणित प्रतिलिपी पेश गर्नु पर्नेछ ।